बैठक मिति: २०७७/२/१५
बैठक संख्या: २८

छलफल एवम् निर्णय

१. राष्ट्रिय योजना आयोगबाट तयार भएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक विकास कार्यक्रम स्वीकृत गर्ने।

२. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २२ को उपदफा (१) बमोजिम नेपाल सरकारले राजस्व र व्ययको अनुमानसाथ सोही ऐनको दफा १७ बमोजिमको मध्यमकालीन खर्च संरचना संसदमा प्रस्तुत गर्नुपर्ने एवम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १३ को खण्ड (ख) बमोजिम अर्थ मन्त्रालयले राजस्व र व्ययको अनुमानमा मध्यमकालीन खर्च संरचना समेत समावेश गर्नुपर्ने व्यवस्था बमोजिम सोही ऐनको दफा ६ बमोजिम आयोगले तयार गरेको त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७७/७८-२०७९/८०) स्वीकृत गरी अर्थ मन्त्रालय पठाउने।